आज मिति २०८२-०२-१५ गते बिहीबारका दिन यसै के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको पन्ध्रौं (आ.व. २०८१/०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ४ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ५ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ६ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ७ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ८ | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| ९ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १२ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १३ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १४ | श्री कृष्णा अवस्थी | कार्यबाहक वडा अध्यक्ष( वडा नं. १) | |
| १५ | श्री राम ब. कायत | कार्यबाहक वडा अध्यक्ष (वडा नं. ७) | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |
| १७ | श्री बिरेन्द्र साउद | रोजगार संयोजक | |

१८. कमलबहादुर हमाल विपद सम्पर्क व्यक्ति

१९. हिरेन्द्र साउद आन्तरिक लेखा परिक्षक

२०. शिवराज शर्मा - सूचना प्रविधि अधिकृत

मितिः २०८२ साल जेठ १५ गते बिहीबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः१५

प्रस्तावहरुः

१) १० शैया अस्पतालको पेश्की रकम जफत गर्ने सम्बन्धमा।
२) सुरक्षित अल्पकालिन महिला सेवा केन्द्रलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।
३) सडक सरसफाई वाफतको रकम भुक्तानी सम्बन्धमा।
४) बि.पि.स्मृति भवनको निर्माण र झिमे मा.वि.को २ कोठे भवन मर्मत सम्बन्धमा।
५) मुक्त हलिया सम्बन्धी कार्यविधिको मस्यौदा छलफलका लागि पेश सम्बन्धमा।
६) खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधिको मस्यौदा छलफलका लागि पेश सम्बन्धमा।
७) आन्तरिक नियन्त्रण प्रणाली छलफलका लागि पेश सम्बन्धमा।
८) सेवासुविधा वाफतको रकम भुक्तानी गर्ने सम्बन्धमा।
९) अमानतबाट काम गर्ने सम्बन्धमा।
१०) बजेट शिर्षक संशोधन सम्बन्धमा।
   क) बजेट शीर्षक संशोधन सम्बन्धमा।
   ख) बजेट शीर्षक संशोधन सम्बन्धमा।
११) आर्थिक सहायता सम्बन्धमा।
१२) रकम विनियोजन गर्ने सम्बन्धमा।

निर्णयहरूः

निर्णय नं. १:

प्रस्ताव नं. १ माथि छलफल गर्दा के.आई.सिंह गा.पा वडा नं. ४ स्थित निर्माणाधिन १० शैया आधारभूत अस्पताल निर्माण कार्यको म्याद तिन(३) पटक सम्म थप गर्दा पनि कामको सन्तोषजनक प्रगती नदेखिएको, निर्माण व्यवसायीलाई काम तिब्र रूपमा संचालनका लागि पटक-पटक लिखित र मौखिक रूपमा ताकेता गर्दा पनि उदासिनता देखाएको, थप गरिएको समयावधि भित्र काम सम्पन्न हुने सम्भावना नदेखिएको, पेश्की वाफत प्रदान गरिएको रकम जोखिममा रहेको, JV का lead partner र Supporting partner ले समेत पेश्की वाफतको रकम जफत गरीदिन अनुरोध गरेको साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क)(६) मा पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैंक जमानत जफत हुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम २ मा पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्च खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई पेश गर्नुपर्ने र सोही नियमको उपनियम (६) मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले नियम बमोजिम पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले अग्रिम बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्ने र पेश्की रकमको सयकडा १०% व्याज समेत असुल उपर गर्नुपर्ने विद्यमान कानूनी व्यवस्था भएता पनि निर्माण व्यवसायीले तोकिएको समयावधिभित्र काम सम्पन्न गर्ने आधार नदेखाएको, कार्यालयलाई नियमित रूपमा पठाउनु पर्ने पेश्की खर्च सम्बन्धी विवरण पेश नगरेकोले पेश्की रकम सोही काममा नै प्रयोग भएको भन्ने कुनै स्पष्ट आधार नदेखिएको साथै निर्माण कार्य अगाडी बढाउनका लागि JV का Lead Partner र Supporting Partner बाट समेत पेश्की वाफतको रकम असुल उपर गरिदिन लिखित रूपमा पत्राचार हुन आएकोले JV लाई प्रदान गरिएको पेश्की रकम मध्ये रू.१,११,६३,७६५|-(एक करोड एघार लाख त्रिसठ्ठी हजार सात सय पैंसठ्ठी) JV ले पेश गरेको अग्रिम बैंक जमानतबाट जफत गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

के.आई.सिंह गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बायल,डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

CamScanner

मितिः २०८२ साल जेठ १५ गते बिहीबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः १५

निर्णय नं. २:

प्रस्ताव नं. २ माथि छलफल गर्दा घरेलु तथा लैंगिक हिंसाबाट पिडित/ प्रभावित महिलाहरूलाई संरक्षण गर्न, स्वास्थ्य पचार, मनोसामाजिक परामर्श, कानूनी सेवा, आर्थिक सशक्तिकरण तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्न दिपायल सिलगढी नगरपालिकाको सिलगढीमामा संचालनमा रहेको सेवा केन्द्रलाई गाउँपालिकाले आ.व.०८१-०८२ मा **विभिन्न संघसंस्थाहरूलाई सहायता तथा अनुदान** खर्च शीर्षकबाट रू. १,००,०००|-(एक लाख) सहयोग गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा के.आई.सिंह वडा नं. ७ मा वर्षाका कारण सडक बिग्रेको जसले गर्दा नागरिकहरूको आवागमनमा समस्या भएकोले सडक सरसफाई तथा मर्मतसंभारको कार्य गर्दा लागेको रकम सम्बन्धित वडाको कन्टिन्जेन्सी रकमबाट भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा के.आई.सिंह गा.पा. वडा नं. ४ मा झिमे मा.वि.को २ कोठे भवन मर्मतका लागि आवश्यक रकम **'निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार तथा भौतिक संरचना निर्माण खर्च '** शीर्षकबाट व्यहोर्ने गरी निर्माण गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ५:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा के.आई.सिंह गाउँपालिकामा रहेका मुक्त हलियाहरूको पहिचान, पुनःस्थापना कार्य सम्पन्न गर्न, वृत्ति विकासका कार्यक्रम गरी आत्मनिर्भर बनाउँदै मुक्त हलियाहरूको जीवनस्तरमा सुधार ल्याउन कानूनको आवश्यकता भएकोले सो सम्बन्धी कानूनी व्यवस्थाका लागि **'के.आई सिंह गाउँपालिकाको मुक्त हलिया पुनःस्थापना कार्यविधि'**को मस्यौदा छलफलका लागि पेश गरियो।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिका भित्र भू-सतह, भूमिगत वा अन्य कुनै अवस्थामा रहेका जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्न र त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषणमुक्त राखी समुचित उपयोग गर्न कानूनको आवश्यकता रहेकोले सो सम्बन्धी कानूनी व्यवस्थाका लागि **'के.आई.सिंह गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि'**को मस्यौदा छलफलका लागि पेश गरियो।

निर्णय नं. ७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सार्वजनिक स्रोतहरूको प्रयोग र परिचालन गरी अधिकतम रूपमा लाभ लिन तथा सार्वजनिक सम्पत्तीको प्रभावकारी उपयोगका लागि कानूनको आवश्यकता रहेकोले सो सम्बन्धी व्यवस्था गर्न **'के.आई.सिंह गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका'**को मस्यौदा छलफलका लागि पेश गरियो।

निर्णय नं. ८:

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षले विभिन्न कार्यक्रममा जाँदाको भ्रमण खर्च, सवारी साधनको भाडाको रकम, आगन्तुक तथा अतिथि आउँदा गरेको अतिथि सत्कार वापतको खर्च साथै प्रयोग गरेको इन्धनको रकम स्वीकृत गर्ने र उक्त रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ९:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व.०८१-०८२ को लागि विनियोजित देहायको कार्य अमानतबाट गर्ने र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | काम गर्ने गराउने कर्मचारी |
|---|---|---|
| १ | कालिका मन्दिर रेलिङ निर्माण, वडा नं. ७ | दुर्गा प्रसाद भण्डारी(वडा सचिव) |
| २ | शिशु स्याहार केन्द्र मर्मत, वडा नं. ४ | देवी टमटा(बालबिकास सहजकर्ता) |

के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बायल,डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

Chaudhary
०८२/२/१५

CS CamScanner

| | | |
|---|---|---|
| ३ | झिमे २ कोठे भवन मर्मत, वडा नं.४ | कृष्ण प्रसाद भट्ट(का.स.) |
| ४ | कलंकी भराण निर्माण,वडा नं. २ | केशव राज ओझा(पशु प्राविधिक) |
| ५ | कालापातल खानेपानी मर्मत, वडा नं. ५ | राधा रावल मल्ल (स.क.अ.) |
| ६ | खोप केन्द्र निर्माण तलकोट, वडा नं. २ | दिपेन्द्र खड्का (अ.स.ई.) |

निर्णय नं. १०:

निर्णय नं. १०(क).

प्रस्ताव नं (१०क) माथि छलफल गर्दा के आई सिंह गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा नयाँ निर्मित मूख्य प्रशासनिक भवन निर्माणमा ईन्टरनेट तथा अन्य व्यवस्थापन खर्च शिर्षकमा रु ९,००,०००।- ( अक्षरुपी नौ लाख रुपैयाँ मात्र) बजेट विनियोजन गरिएको हुँदा उक्त नयाँ निर्मित भवनमा ईन्टरनेटका अतिरिक्त नेटवर्किङ्ग समेतको नयाँ काम गर्नुपर्ने भएको हुँदा उक्त खर्च शिर्षकलाई "नवनिर्मित प्रशासकीय भवन नेटवर्किङ्ग(CCTV कयामेरा जडान तथा नेटवर्क प्रणाली स्थापना) तथा व्यवस्थापन" भन्ने शिर्षक कायम गरि खर्च गर्ने निर्णय गरियो।

निर्णय नं.१०(ख).

प्रस्ताव नं १०(ख) माथि छलफल गर्दा के आई सिंह गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा सफ्टवेयर नविकरण खर्चमा रु ५ लाख मात्र बजेट विनियोजन गरेको तर यस गाउँपालिकाद्वारा निर्माण गरिएको नयाँ प्रशासकीय भवनमा नेपाल सरकारको नीति बमोजिम डिजिटल नागरिक बडापत्र निर्माण गरि सरकारबाट प्रवाह हुने सेवा प्रवाहहरु पारदर्शि र जनउत्तरदायी तथा जनमैत्री बनाउन मनासिब देखिएको र यस पालिकामा विगतमा डिजिटल नागरिक बडापत्र निर्माण नगरिएको हुँदा नयाँ प्रशासकीय भवनमा डिजिटल नागरिक बडापत्र जडान गर्नको लागि सफ्टवेयर नविकरण खर्च शिर्षकमा विनियोजित रकम मध्ये रु १,००,०००।– (अक्षरुपी एक लाख रुपैयाँ मात्र ) "कार्यालयका लागि बिभिन्न सफ्टवेयर खरिद" खर्च शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. ११:

प्रस्ताव नं. ११ माथि छलफल गर्दा के.आई.सिंह गा.पा. वडा नं. ४ घर भई धनगढी बस्ने मिना देवी खड्काको ग्यास सिलिण्डर पड्केत मृत्यु भएको र निजको घर परिवारको आर्थिक अवस्था एकदमै कमजोर भएकोले आर्थिक सहायता वाफत रू. १५,०००|-(पन्ध्र हजार) प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं १२:

प्रस्ताव नं १२ माथी छलफल गर्दा गाउँपालिकाले आर्थिक वर्ष २०८१।०८२ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत स्थानीय सडक मर्मत सम्भार शिर्षकमा विनियोजित बजेटबाट वडा नं ३ को बर्मा सलबाटा भाडी सडक निर्माण र मटेना सडक मर्मतको काम गर्नुपर्ने भएकोले उक्त कार्यका लागि रु ६७०,०००।—रकम विनियोजन गरी कार्यालयलाई कार्यान्वयनका लागि निर्देशन गर्ने निर्णय गरियो।

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बायल,डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३